## बैठक नं. ६

आज मिति २०८२ साल मंसिर २६ गते शुक्रबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री तेज बहादुर रावल | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री भानुभक्त भट्ट | सचिव | |

**प्रस्ताव नं. १ :- जानकी गाउँपालिकामा निर्माण गरिएका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२ सम्बन्धमा।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा जानकी गाउँपालिकामा निर्माण गरिएका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२ माथि दफावार छलफल गरी पारित गरियो।

**प्रस्ताव नं. २:- १७ औं गाउँसभा बैठक (हिउँदे अधिवेशन) संचालन सम्बन्धमा।**

निर्णय नं. २:- प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ मा भएको प्रावधान बमोजिम यस जानकी गाउँपालिकाको १७ औं गाउँसभा बैठक (हिउँदे अधिवेशन) मिति २०८२ साल पौष १६ गतेका दिन दिउँसो १:०० बजे दुर्गौली स्थित स्मार्ट हलमा संचालन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन उपर जाँचबुझ गर्दा आर्थिक सहयोग मागको कारण मुनासिव देखिएकोले तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल :-**

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | झनक बहादुर वि.क., जानकी-७, कैलाली | १५,०००/- | अन्य सामाजिक सहायता | ७ नं. वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. ८३० को सिफारिस पत्रानुसार मोटरसाईकल दुर्घटनामा परेका निजको छोरा रिहान वि.क.को उपचार गर्न। |
| २. | पवन कुमारी चौधरी, जानकी-५, कैलाली | १५,०००/- | | ५ नं. वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. ६३७ को सिफारिस पत्रानुसार निज अपाङ्ग भएको र आर्थिक अवस्था कमजोर भएकोले उच्च शिक्षा अध्ययनको लागि सहयोग। |

**प्रस्ताव नं. ४ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यन्वयन गर्ने सम्बन्धमा।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा ४ नं. वडा कार्यालयको आयोजना कार्यान्वियनको अवस्थाको समिक्षा र आवश्यकतालाई मध्यनजर गरी आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वियन गर्ने निर्णय गरियो।

**तपसिल :-**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | लम्बैया कुलामा काठे पुल निर्माण | ४०,००० | १. | लम्बैया कुलामा पुल निर्माण | जानकी-४ | ४०,००० | कार्यालय/ सोझै खरिद | |

रामभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०८/२६
गणेश चौधरी
अध्यक्ष

CamScanner